# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## न्यूरोड, कास्की
## गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np

पत्र संख्या : २०८२/०८३
च.नं. :

मितिः २०८२/११/२९

## शोक विदा सम्बन्धी सार्वजनिक सूचना ।

तत्कालिन पोखरा उप महानगरपालिकाका नगर प्रमुख श्री कृष्ण वहादुर थापाज्यू (२०५४-२०५९) को मिति २०८२ फाल्गुण २८ गते बिहीबारका दिन भएको असामयिक निधनले हामीलाई स्तब्ध बनाएको छ । उहाँले नगर प्रमुखको हैसियतमा महानगरपालिकाको विकास र समृद्धिमा पुऱ्याउनु भएको अतुलनीय योगदानको उच्च कदर गर्दै पोखरा महानगरपालिका भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । साथै, यस दुःखद घडीमा महानगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारी परिवार दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

शोकको यस घडीमा स्वर्गीय थापाको सम्मानमा मिति २०८२ चैत्र १ गते आइतबारका दिन पोखरा महानगरपालिका कार्यालय र अन्तर्गत सबै कार्यालयहरु (स्वास्थ्य संस्था/फोहोरमैला व्यवस्थापन सम्बन्धी अत्यावश्यक सेवा र विद्यालयका पूर्वनिर्धारित परिक्षा कार्यक्रम बाहेक) बन्द रहने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट सेवाग्राहीमा पर्न जाने असुविधाप्रति महानगरपालिका क्षमाप्रार्थी छ ।

पोखरा महानगरपालिका ।

# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की

गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np

पत्र संख्या : २०८२/०८३
च.नं. : २६५४

मितिः २०८२/११/२९

श्री वडा अध्यक्षज्यूहरु (सबै),
श्री कार्यपालिका सदस्यज्यूहरु(सबै),
श्री वडा सदस्यज्यू (सबै),
श्री महाशाखाहरु/शाखाहरु(सबै),
श्री गण्डकी बहुप्राविधिक शिक्षालय,
श्री शिशुवा अस्पताल,
पोखरा महानगरपालिका।

**विषयः श्रद्धाञ्जली कार्यक्रम सम्बन्धमा।**

तत्कालिन पोखरा उप महानगरपालिकाका नगर प्रमुख श्री कृष्ण बहादुर थापाज्यू (२०५४-२०५९) को मिति २०८२ फाल्गुण २८ गते बिहीबारका दिन भएको असामयिक निधनले हामीलाई स्तब्ध बनाएको छ। उहाँले नगर प्रमुखको हैसियतमा महानगरपालिकाको विकास र समृद्धिमा पुऱ्याउनु भएको अतुलनीय योगदानको उच्च कदर गर्दै पोखरा महानगरपालिका भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। साथै, यस दुःखद घडीमा महानगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारी परिवार दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं।

शोकको यस घडीमा मिति २०८२/११/३० देखि मिति २०८२/१२/०२ गतेसम्म महानगरपालिका र अन्तर्गत सबै कार्यालयहरुमा राष्ट्रिय झण्डा आधा झुकाउनु हुन र मिति २०८२/११/३० गते बिहान १० देखि ११ बजेसम्म दमकल स्थित महानगरपालिकाको भवनमा उहाँको पार्थिव शरिरमा श्रद्धाञ्जली अर्पण गर्ने कार्यक्रम आयोजना गरिएकोले सबै जनप्रतिनिधि र कर्मचारीहरुलाई उपस्थितिको लागि अनुरोध छ।

..............................
मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**